# सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको
# १३औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको
# आर्थिक प्रतिवेदन


<u>प्रस्तुतकर्ता</u>
वसन्त सापकोटा
कोषाध्यक्ष


सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल
अनामनगर, काठमाण्डौं
२०७९/०८/२४

**सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालका कोषाध्यक्ष श्री वसन्त सापकोटा द्वारा १३ औं वार्षिक साधारण सभामा पेश गर्नुभएको आर्थिक प्रतिवेदन :**

सम्मानित १३ औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू, पूर्ण सदस्य तथा एशोसियट सदस्य ज्यूहरु, सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको १३ औं वार्षिक साधारण सभामा कोषाध्यक्षको हैसियतमा आ.व. ०७८/०७९ को आर्थिक प्रतिवेदन पेश गर्ने जिम्मेवारी पाए अनुसार यहाँहरुको बिचमा उपस्थित भएको छु ।

## पृष्ठभूमि :

नेपाल प्रतिलिपि अधिकार ऐन, २०५९ बमोजिम वि.सं.२०६४ मा स्थापना भएको यस सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालमा हाल पूर्ण सदस्य १३२ (७१–११ अमर, ६१ थप पूर्ण सदस्य) र एसोसिएट सदस्य १५६८ जना गरी जम्मा १७०० (गीतकार सदस्य ८७० र संगीतकार सदस्य ८३०) रहनुभएको छ । सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाललाई कार्यालय संचालनका लागि नर्वेमा रहेका NORCODE संस्थाबाट आर्थिक सहयोग प्राप्त हुँदै आएकोमा २०७५ पौष मसान्त देखि पूर्ण रुपमा आर्थिक सहयोग बन्द गरेको र संस्थाले आशातीत रुपमा रोयल्टी संकलन गर्न नसकेको कारणले कार्यालय संचालनको लागि पर्याप्त रकम अभाव भएको छ । कार्यालयको घर भाडा, कर्मचारी तलब लगायत अत्यावश्यक खर्च गर्न समेत संस्थाले विधानको दायरामा रहेर खर्च गर्न पाउने २५ प्रतिशत रकमले अपुग रहेको र अझै रहने अवस्था कायम छ ।

## आ.व.२०७८/०७९ को आर्थिक प्रतिवेदन :

आ.व. २०७८/०७९ को अन्त्यमा स्थिर सम्पत्ति रु.२२,७७,५२८।- (अक्षरुपी वाइस लाख सतहत्तर हजार पाँच सय अट्ठाइस रुपैंया), आम्दानी रु.१५,३२,२८३।८२ (अक्षरुपी पन्ध्र लाख बत्तिस हजार दुई सय त्रियासी रुपैंया वयासी पैसा), बैंक मौज्दात रु.७७,८०,१८२।१२ (अक्षरुपी सतहत्तर लाख असी हजार एक सय बयासी रुपैंयाँ बाह्र पैसा) रहेको छ । पेश्की तर्फ कर्मचारी पेश्की रु.२२,८०,२२८।१० ( अक्षरुपी वाईस लाख असी हजार दुई सय अट्ठाइस रुपैंया दश पैसा), घरभाडा धरौटी रु.१,००,००० ( अक्षरुपी एक लाख रुपैयाँ), रोयल्टी वापत तिर्नुपर्ने रु.१,९७,८७,०४७।२९ (अक्षरुपी एक करोड सन्तान्नब्बे लाख सतासी हजार सतचालिस रुपैंया उनन्तिस पैसा) रहेको छ भने यस आ.व.मा आम्दानी सेवा शुल्क रु.९,५०,८४२।५६ ( अक्षरुपी नौं लाख पचास हजार आठ सय बयालिस रुपैंया छपन्न पैसा), सदस्यता शुल्क रु.१,८१,६००।- (अक्षरुपी एक लाख एकासी हजार छ सय रुपैंयाँ), बैंक ब्याज रु.१०,२५६।२६ (अक्षरुपी दश हजार दुई सय छपन्न रुपैयाँ छब्बिस पैसा), कार्ड शुल्क वापत रु.१८,५५०।- (अक्षरुपी अठार हजार पाँच सय पचास रुपैंयाँ), र विविध आम्दानी रु.१२,०००।- ( अक्षरुपी बाह्र हजार रुपैंयाँ) रहेको छ ।

खर्च तर्फ कर्मचारी तलब तथा भत्ता रु.१४,९३,६१२।५० (अक्षरुपी चौध लाख त्रियान्नब्बे हजार छ सय बाह्र रुपैंयाँ पचास पैसा), विजुली रु.३९,११४।५१ (अक्षरुपी उन्नचालिस हजार एक सय चौध रुपैयाँ एकाउन्न पैसा), टेलिफोन तथा इन्टरनेट रु.१३,७७०।- (अक्षरुपी तेह्र हजार सात सय सत्तरी रुपैयाँ), घरभाडा रु.४,३९,९९९।९७ (अक्षरुपी चार लाख उन्नचालिस हजार नौं सय उनान्सय रुपैयाँ सन्तान्नब्बे पैसा), छपाई तथा स्टेशनरी रु.१,१२,६००।१३ ( अक्षरुपी एक लाख बाह्र हजार छ सय रुपैयाँ तेह्र पैसा), लेखा परीक्षण शुल्क रु.१,००,०००।- (अक्षरुपी एक लाख रुपैयाँ), कर्मचारी कल्याण तथा

सत्कार १,११,४५३।- (अक्षरुपी एक लाख एघार हजार चार सय त्रिपन्न रुपैयाँ), वेबसाइट तथा कम्प्यूटर मर्मत रु.५,६१,०१५ (अक्षरुपी पाँच लाख एकसठी हजार पन्ध्र रुपैयाँ), इन्धन तथा मर्मत रु.९४,०७३।२३ (अक्षरुपी चौरान्नब्बे हजार त्रिहत्तर रुपैयाँ तेइस पैसा), जनचेतना कार्यक्रम रु.१,७४,६५४।९१ (अक्षरुपी एक लाख चौहत्तर हजार छ सय चौवन्न रुपैयाँ एकान्नब्बे पैसा), यातायात रोयल्टी व्यवस्थापन रु.२,६००।- (अक्षरुपी दुई हजार छ सय रुपैयाँ), संचार तथा यातायात रु.५२,१९०।- (अक्षरुपी बाउन्न हजार एक सय नब्बे रुपैयाँ), बैठक भत्ता रु.२,६९,०००।- (अक्षरुपी दुई लाख उनन्सत्तरी हजार रुपैयाँ), अतिथि सत्कार रु.१९,१५०।- (अक्षरुपी उन्नाइस हजार एक सय पचास रुपैयाँ), विज्ञापन रु.१९,०९३।५० (अक्षरुपी उन्नाइस हजार त्रियान्नब्बे रुपैयाँ पचास पैसा),बैंक शुल्क रु.१७,४७७।०३ (अक्षरुपी सत्र हजार चार सय सतहत्तर रुपैयाँ तिन पैसा), साधारण सभा खर्च रु.३,३०,६७४।८० (अक्षरुपी तिन लाख तिस हजार छ सय चहोत्तर रुपैयाँ असी पैसा), र कार्यालय सामान रु.१०,७८६।- (अक्षरुपी दश हजार सात सय छियासी रुपैयाँ) रहेको छ ।

## स्थिर सम्पत्ति को विवरण :

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | फर्निचर | २२,८३१।- |
| २. | जग्गा | १९,५०,६६६।- |
| ३. | अफिस सम्पत्ती | ३२,७४४।- |
| ४. | कम्प्यूटर | २,२८,७३०।- |
| ५. | कम्प्यूटर सपटवेयर | २१,१४१।- |
| ६. | सांगीतिक सामान | ३,९७६।- |
| ७. | सवारी साधन | ११,६७०।- |
|  | जम्मा | २२,७१,७५८।- |

## आम्दानी विवरण

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | सेवा शुल्क | ९,५०,८४२।५६ |
| २. | सदस्यता शुल्क | १,८१,६००।- |
| ३. | बैंक ब्याज | १०,२५६।२६ |
| ४. | कार्ड शुल्क | १८,५५०।- |
| ५. | विविध (सिफारिस पत्र) | १२,०००।- |
| ६. | अन्य आम्दानी | ३,५९,०३५।- |
|  | जम्मा | १५,३२,२८३।८२ |

**खर्च विवरण :**

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १. | कर्मचारी तलब तथा भत्ता | १४,९३,६१२।५० |
| २. | विद्युत | ३९,११४।५१ |
| ३. | टेलिफोन तथा इन्टरनेट खर्च | ३५,१६०।५२ |
| ४. | घरभाडा | ४,३९,९९९।९७ |
| ५. | स्टेसनरी तथा छपाई | १,१२,६००।१३ |
| ६. | लेखा परिक्षण शुल्क | १,००,०००।- |
| ७. | कर्मचारी कल्याण तथा सत्कार | १,११,४५३।- |
| ८. | वेबसाइट तथा कम्प्यूटर मर्मत | ५,६१,०१५।- |
| ९. | इन्धन तथा मर्मत | ९४,०७३।२३ |
| १०. | जनचेतना कार्यक्रम | १,७४,६५४।९१ |
| ११. | यातायात रोयल्टी व्यवस्थापन | ३,६१७।- |
| १२. | सञ्चार तथा यातायात | ५२,१९०।- |
| १३. | बैंठक भत्ता तथा खर्च | २,६९,०००।- |
| १४. | अफिस खर्च | ९,१६,६२१।९१ |
| १५. | अतिथि सत्कार | १९,१५०।- |
| १६. | विज्ञापन खर्च | १९,०९३।५० |
| १७. | बैंक शुल्क | १७,४७७।०३ |
| १८. | नविकरण शुल्क | ४३,५००।- |
| १९. | साधारण सभा खर्च | ३,३०,६७४।८० |
| २०. | अफिस सामान | ११,२८६।- |
| २१. | रोयल्टी वितरण खर्च | १०,०००।- |
| २२. | संयुक्त बैठक खर्च | ६५,८४५।- |
| २३. | व्यवसाय प्रवर्धन खर्च | ९६,८१५।- |
| २४. | मर्मत तथा सम्भार | ४२,४५६।- |
| २५. | कर्मचारी भर्ना | २,२५०।- |
| २६. | कार्यालय खाजा खर्च | ८१,६५५।- |
| २७. | विविध खर्च | ७५६।७० |
| | जम्मा | ५१,४४,०७१।७१ |

## बैंक मौज्दात :

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | नविल बैंक (३१०१०१७५००१६६) | २,३९,३६१।९७ |
| २. | नविल बैंक (३१०१०१७५००३२५) | ३६,९०,४८०।०१ |
| ३. | नविल बैंक (३१०६०१७५००१२६) | २४,५९,२२५।३२ |
| ४. | कृषि विकास बैंक | ८९,३८१।९० |
| ५. | राष्ट्रिय वाणिज्य बैंक | १२,९१,५६५।३२ |
| ६. | नगद | १०,१६७६० |
| | जम्मा | ७७,८०,१८२।१२ |

## अग्रिम भुक्तानी :

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | कर्मचारी पेश्की | २२,८०,२२८।११ |
| २. | घर भाडा धरौटी | १००,०००।- |
| | जम्मा | २३,८०,२२८।११ |

## निष्कर्ष :

आ.व.२०७६/०७७ मा रु.२९,२०,९६६।- (अक्षरुपी उन्नतिस लाख विस हजार नौं सय छैसठ्ठी रुपैयाँ), आ.व.२०७७/७८ मा रु.२७,८४,३१७- (अक्षरुपी सत्ताईस लाख चौरासी हजार तिन सय सत्र रुपैयाँ) र आ. व. २०७८/७९ मा रु.३६,५०,४५८।५० (अक्षरुपी छत्तिस लाख पचास हजार चार सय अन्ठाउन्न रुपैयाँ पचास पैसा) रहेको छ । खर्च रकमलाई कम गर्न सिमित कर्मचारी र अत्यावश्यक कार्य बाहेक खर्च नगरिएको व्यहोरा अवगत गराउँदछु । न्युन रकमबाट कार्यालयको सञ्चालन गर्दा समेत संस्थाको आम्दानीले धान्न सक्ने अवस्था रहेको छैन । जस्ले गर्दा अन्तत्वगत्व स्रष्टाको रोयल्टी रकमबाट नै कार्यालयको कर्मचारी तथा अन्य खर्च गर्नुपर्ने अवस्था रहेको जानकारी गराउँदछु । अघिल्लो आ.व.२०७६/७७ को तुलनामा आ.व.२०७७/७८ र आ.व.२०७८/७९ मा ५० प्रतिशतले खर्च कटौती गर्दा समेत संस्थाको आम्दानीले खर्च धान्न सक्ने अवस्था नरहेको कुरा अवगत गराउँछु । यातायातको खर्च समेत समायोजन गर्दा यस आर्थिक बर्षमा खर्च रकम बढी देखिन गएको आवगत गराउँदछु । त्यसैले संस्थामा देखिएका चुनौतीहरुलाई दृष्टिगत गरि यसको आर्थिक उन्नयनका लागि प्रस्ताव समेत पेश गरेको छु ।

## सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको आर्थिक सवलीकरणको लागि मेरा प्रस्तावहरु :

१) संस्थाको व्यवस्थापकीय सञ्चालनको लागि अर्न्तराष्ट्रिय दाताहरु समक्ष आर्थिक तथा प्राविधिक सहकार्यका लागि प्रस्ताव पेश गर्ने ।
२) सरकारी अनुदान/सहयोगमा संस्थाको नाममा रहेको जग्गामा भवन निर्माण गरि घर भाडामा हुने खर्च घटाउने ।

३) सरकार संग संस्था सञ्चालनको लागि बजेट माग गर्ने ।
४) प्रविधिको उच्चतम प्रयोग गरि भौतिक खर्चलाई कम गरि रोयल्टी संकलन र लाईसेन्सिङ्ग प्रकृयालाई प्रविधि मैत्री बनाउने ।
५) गीत संगीतको सार्वजनिक प्रयोग भई रोयल्टी संकलन गर्न पहिचान गरिएका अन्य क्षेत्रहरुबाट पनि रोयल्टी संकलनको लागि ठोस पहल गर्ने ।
६) २५ प्रतिशतले कार्यालय सञ्चालन खर्च धान्न सक्ने अवस्था नरहेकोले सेवा शुल्कको सो दायरालाई बढाउने ।
यस प्रतिवेदन माथि यहाँहरुका सृजनात्मक सल्लाह सुझाव र प्रतिकृयाको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

## <u>हाल देखिएका मुख्य चुनौतीहरु</u> :

१) पहिचान भएका क्षेत्रहरु मध्ये डिजिटल मिडिया/रिङ्ग ब्याक टोन, यातायात, रेडियो, टेलिभिजन, सार्वजनिक कार्यक्रम, हल, रेष्टुरेण्टबाट केहि मात्रामा मात्र रोयल्टी संकलन भएको र त्यो घट्दो क्रममा रहेछ,
२) व्यवस्थापकीय तथा प्रशासनिक खर्चका लागि कुनै पनि विदेशी र सरकारी सहयोग नरहेको,
३) विधान सम्मत संकलित रोयल्टीको २५ प्रतिशतले खर्च व्यवस्थापन गर्न गाह्रो भए संगै स्रष्टाको वितरणयोग्य रोयल्टीबाट खर्च गर्नुपर्ने वाध्यात्मक स्थिति भएको,
४) पहिचान भएका मध्ये माथि उल्लेखित बाहेक करीव ३३ वटा क्षेत्रहरुमा रोयल्टी संकलन गर्न नसकिएको,
५) सरकारी तथा गैरसरकारी क्षेत्रहरुसँग तीव्र रुपमा प्रभावकारी अर्न्तक्रिया र संवाद हुन नसकेको,
६) डिजिटल मिडिया/CRBT बाट आउने रोयल्टी बिगत ८ वर्ष देखि प्राप्त हुन नसकेको,
७) प्रविधिको उच्चतम प्रयोग हुन नसकेको,
८) संगीत प्रयोगकर्ताहरुमा रोयल्टीका सम्बन्धमा ज्ञानको अभाव र कानून कार्यान्वयनमा वेवास्ता भएको ।